नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गौर, रौतहट

मिति - २०७८।०२।२५

## प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश

रौतहट जिल्लामा नयाँ भेरियन्टको कोभिड-१९ महामारीको संक्रमणको जोखिम हाल पनि कायम नै रहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१० संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२४ को आदेशलाई मिति २०७८/०२/२६ गते राती १२:०० बजेदेखि २०७८/०२/३१ गते राती १२:०० बजेसम्म रौतहट जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### निषेधाज्ञा अवधिभर गर्न हुने र नहुने कार्यहरु

| चलाउन पाइने सवारी साधनहरु : | चलाउन नपाइने सवारी साधनहरु : |
|---|---|
| • अत्यावश्यक सेवाहरु जस्तै - एम्बुलेन्स, खानेपानी, विद्युत, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दूग्धजन्य पदार्थ र सोको प्याकिङ सामग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ (भेटनेरी सम्बन्धी), इन्धन, खाना पकाउने ग्यास, दुरसंचार, इन्टरनेट, क्वोरेन्टिन, आइसोलेशन, फोहोरमैला व्यवस्थापन, सरसफाईमा प्रयोग गरिने साबुन/स्यानिटाइजर, कुरियर तथा डाँक सेवा, प्रिन्ट तथा सरकारी छापाखाना लगायतका ढुवानी तथा यातायातका सवारी साधनहरु<br>• अत्यावश्यक कार्यमा खटिने सरकारी नम्बर प्लेटका सवारी साधनहरु, कुटनीतिक नियोगको सवारी साधन, आधिकारिक प्रेस पास प्राप्त सवारी साधन<br>• स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन<br>• बैंक तथा वित्तीय संस्थाका सवारी साधनको हकमा समबन्धित कार्यालयबाट जारी भएको सवारी पास प्राप्त सवारी साधनहरु<br>• बैवाहिक कार्यक्रममा दुलाहा दुलही सवार सवारी समेत बढीमा १५ जना जन्ती मात्र बोकेको सवारी साधन (२ वटा बढीमा)<br>• अत्यावश्यक तथा निर्माण सामाग्री बोक्ने भारी उपकरणहरु स्वास्थ्य मापदण्ड पुरा गरी आवतजावत गर्न सके | • सार्वजनिक यातायात (जस्तै बस, ट्याक्सी, जीप, टेम्पो लगायत)<br>• निजी सवारी साधन (चारपांग्रे, दुई पांग्रे) |

२०७८।०२।२५
प्रमुख जिल्ला अधिकारी

Email: daorautahat@gmail.com, Website: daorautahat.moha.gov.np, Facebook : https://www.facebook.com/daorautahat
फोन नं. ०५५-५२०३६९, फ्याक्स ०५५-५२००३३,



क्रमश:...

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गौर, रौतहट

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट, गौर

| संचालन गर्न पाइने सेवा तथा व्यवसायहरु : | संचालन गर्न नपाइने सेवा तथा व्यवसायहरु : |
|---|---|
| • औषधी तथा औषधीजन्य पसल, पेट्रोल पम्प, उद्योग कलकारखाना - **२४ सै घण्टा**<br>• खाद्य सामाग्री किराना, फलफुल, तरकारीका पसलहरु - **हप्ताको ४ दिन - आइतवार, मंगलवार, बिहिवार र शुक्रवार मात्र**<br>• बैंक तथा वित्तीय संस्थाको हकमा २० प्रतिशत मात्र जनशक्ति प्रयोग गरी - **हप्ताको ४ दिन - आइतवार, मंगलवार, बिहिवार र शुक्रवार मात्र**<br>• माछा, मासुको व्यवसाय, पसल खोली विक्री वितरण गर्न नपाउने (होम डेलिवरी मात्र)<br>• होटल तथा रेष्टुरेन्टहरुले होम डेलिभरी मार्फत मात्र व्यवसाय संचालन गर्न पाउने ।<br>• विकास निर्माण सम्बन्धमा आयोजनाहरुले नै आवासीय कामदार राखी अनिवार्य रुपले स्वास्थ्य मापदण्ड पालना गरी कार्य सञ्चालन गर्ने गराउन पाउने ।<br>• अत्यावश्यक सेवा बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्था संस्थान, बिमा लगायतका कार्यालयहरुको सेवा प्रवाह स्थगन गर्ने र न्यूनतम कर्मचारी मात्र उपस्थित भई कार्यालयको आन्तरिक प्रशासन सञ्चालन गर्ने ।<br>• स्वास्थ्य सुरक्षा तथा मापदण्ड अपनाई सबै पालिकाहरुले नगर सभाको प्रक्रिया संचालन गर्न पाइने ।<br>• निर्माण सामग्रीको पसल खोल्न पाइने । | • फुटपाथ, खुल्ला ठाउँ तथा ठेलागाडा वा साइकलमा एकै स्थानमा रोकि राखि संचालन हुने व्यापार व्यवसाय एवं कवाडी संकलन<br>• हाट बजार<br>• संचालन गर्न पाइने सेवा तथा व्यवसाय भित्र नपरेको अन्य सबै । |

**उल्लेखित बाहेकको अत्यावश्यक कार्यमा व्यक्ति तथा सवारी आवागमनको सहजीकरण**

- मृत्यु संस्कारका लागि जानु पर्ने वा फर्किनु पर्ने अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र वा सम्बन्धित वडाको सिफारिस, परिचय खुल्ने कागजातको प्रतिलिपी सहित जिल्ला प्रशासन कार्यालयमा पासका लागि इमेल मार्फत निवेदन पेश गर्ने र प्राप्त सवारी पासको आधारमा मात्र आवतजावत गर्न सहजीकरण गरिने ।
- बिरामी तथा कुरुवाको हकमा रौतहट जिल्ला भित्रका बिरामी तथा कुरुवाको हकमा अस्पतालको भर्ना कार्ड वा रिपोर्ट कार्डका आधारमा आवतजावत गर्न पाउने ।
- परिवारका सदस्य वा आफन्त विरामी भई रौतहट बाहिर जानु पर्ने अवस्थामा बिरामीको रिपोर्ट तथा रिफरल कार्ड/भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपी सहित जिल्ला प्रशासन कार्यालयमा पासका लागि इमेल मार्फत निवेदन पेश गर्ने र प्राप्त सवारी पासको आधारमा मात्र आवतजावत गर्न सहजीकरण गरिने ।
- सुरक्षा गार्डहरुको हकमा परिचय पत्र र पोशाक लगाएर ड्यूटी आवतजावत गर्न पाउने ।
- अत्यावश्यक सेवा संचालनमा खटिएका सबै तहका सरकारी कर्मचारी तथा बैंक वित्तिय संस्थाको कर्मचारीलाई सम्बन्धित कार्यालयवाट जारी भएको कर्मचारी परिचयपत्रको आधारमा आवतजावत गर्न दिइने ।
- पत्रकार तथा सञ्चारकर्मीलाई सूचना विभागको प्रेस पासका आधारमा आवत जावतमा सहजीकरण गरिने र सूचना विभागको प्रेस पास नभएका संचारकर्मी/कर्मचारीको हकमा सम्बन्धित संचार गृहहरुले पास जारी गरी न्यूनतम कर्मचारीहरु मात्र खटाउने र सो को विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

२०७८।०१।२६
प्रमुख जिल्ला अधिकारी

Email: daorautahat@gmail.com, Website: daorautahat.moha.gov.np, Facebook : https://www.facebook.com/daorautahat

फोन नं. ०५५-५२०३६९, फ्याक्स ०५५-५२००३३,



क्रमश:...

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

**गौर, रौतहट**

- प्रिन्टीङ प्रेसमा काम गर्ने, सुरक्षा सम्बद्ध कर्मचारी तथा औषधी आपूर्ति गर्ने परिचय वाहक व्यक्तिको हकमा सम्बद्ध निकाय तथा आपूर्ति कर्ताको अनुमतिपत्र भए सवारी पास नचाहिने।

**संक्रमण नियन्त्रणका लागि समुदाय तथा व्यक्तिले अनिवार्य रुपमा पालना गर्नुपर्ने कुराहरु :**

- औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक कुनै पनि व्यक्ति घर वाहिर ननिस्किने।
- विवाह, ब्रतबन्ध, न्वारन, मृत्यु संस्कार लगायतका संस्कारजन्य कार्यक्रममा अनिवार्य रुपमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना र भौतिक दुरी कायम गरी आफ्नो घर भित्र मात्र बढीमा २५ जनामा सिमित भई सम्पन्न गर्ने, (होटल तथा पार्टी प्यालेसमा गर्न नपाउने)
- दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने।
- अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने।
- मठमन्दिरहरुमा पुजारीले नित्य पुजा बाहेक अन्य सामुहिक पुजा तथा बलि बन्द गर्ने, कुनै मेला महोत्सव नगर्ने।
- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्सवार, दोहरी, नाचघर, क्लब, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थकल्ब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालय, दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन नगर्ने।
- जिल्ला प्रशासन कार्यालय, भक्तपुरको सहमतिको आधारमा काठमाडौं उपत्यकाको लागि सवारी अनुमति दिइनेछ।

२०७७/०५/२६

इन्द्रदेव यादव

प्रमुख जिल्ला अधिकारी

**Email: daorautahat@gmail.com, Website: daorautahat.moha.gov.np, Facebook : https://www.facebook.com/daorautahat**

**फोन नं. ०५५-५२०३६९, फ्याक्स ०५५-५२००३३,**